आज मिति २०७५ जेठ २५ गते, शुक्रबारका दिन बेलुका ठिक ५.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ३९औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- हस्ताक्षर | | पदाधिकारी |
|---|---|---|
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ~~३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत~~ | - | ~~सदस्य~~ |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री सोमा खड्का | - | शाखा अधिकृत |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल ईन्जिनियर |
| २३ श्री मन्दिरा मर्हजन | - | नायब सुब्बा |

निर्णय नं. १

यस दक्षिणकाली नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री नानीबाबु बस्नेत ज्यूको आज मिति २०७५।२।२५ गते भएको असामयिक निधनले दक्षिणकाली नगरपालिका परिवार शोकाकुल भएको छ । शोकको यस घडीमा स्वर्गीय आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी प्रार्थना गर्दछौ । साथै मिति २०७५ जेष्ठ २७ गते आइतबारका दिन यस नगरपालिका,अन्तर्गतका वडा कार्यालयहरु,स्वास्थ्य संस्थाहरु र शिक्षण संस्थाहरुमा सेवा प्रवाह तथा पठनपाठन बन्द गरी शोक मनाउनको लागि उक्त दिन उल्लेखित कार्यालयहरु विदा गर्ने ।

निर्णय नं. २

दक्षिणकाली नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री नानीबाबु बस्नेत ज्यूको असमायिक निधन हुन गएकोले दिवंगत आत्माको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामना सहित हार्दिक श्रदान्जली व्यक्त गर्ने । १३ औं दिनको पुण्यतिथिमा मिति २०७५।३।६ गते बुधवारका दिन विहान ११:०० बजे नगरपालिकाको सभाहलमा शोक सभा आयोजना गर्ने  साथै उक्त दिन दिवंगत आत्माप्रतिको श्रदान्जली पत्रिकामा समेत प्रकाशन गर्ने ।